# बुलिङटार गाउँपालिका

## गाउ कार्यपालिको कार्यालय

बुलिङटार, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

## आ.व. ०७७/०७८ को ढुंगा, गिट्टि, बालुवा, ग्राभेल उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सुचना

(Electronic Bid Only)

(प्रथम पटक प्रकाशित मिति : २०७७/०९/२६ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस बुलिङटार गाउ कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७७/०७८ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समय भित्र बोलपत्र पेश गर्नहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा कार्यालयको वेभ साईट www.bulingtarmun.gov.np तथा कार्यालय समय भित्र यस गाउ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदी प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| आय ठेक्का नं. | नदी/खोलाहरुको विवरण | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, २०७७ अनुसार उत्खनन् गरिने घाटको विवरण | वार्षिक उत्खनन् गर्न सकिने परिमाण(घन मिटर) | न्युनतम ठेक्का अंक रु मा - मु.अ.कर सहितमा) | बोलपत्र जमानत रकम ( धारौटी रकम | बोलपत्र फारम दस्तुत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| BUL/NCB/GOODS/KLGD/GHAT/01/077/078 | कालीगण्डकी नदी | मोचाडाँडा काली टापु वडा न १ | १०४०८ | २९०७७८६ | कबोल अंक ( मु.अ.कर सहितमा) को ५ प्रतिशतले हुन आउने रकम | ३००० | |
| | | सर्यघाट अथवा सादी खोला दोभान वडा न १ | ९००० | २५१४४१९ | | | |
| | | जलदेवी□२ (माथीलतर) वडा न २ | ९२७२ | २५९०४११ | | | |
| | | मालेबगर वडा न ३ | ५५२० | १५४२१७७ | | | |
| | | सतिघाट वडा न ३ | १०००० | २७९३७९९ | | | |
| | | ढुंगेनी घाट वडा न ६ | ७८०० | २१७९१६३ | | | |
| | | गरगढी घाट वडा न ६ | ८००० | २२३५०३९ | | | |
| जम्मा | | | ६०००० | १६७६२७९५ | | | |

**बोलपत्र सम्बन्धी शर्तहरुः-**

- बोलपत्र फारमको लागि बोलपत्र दाखिला **हुने** समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको Nepal Bangladesh Bank Ltd. बैंक बुलिङटार शाखामा रहेको आरन्तरीक राजस्व खाता नं ०७९०००१३४१ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ । E-bidding मार्फत सहभागीको लागि PPMO को website http://www.bolpatra.gov.np/egp मा सवै कागजातहरु Scan गरि PDF format मा बोलपत्र पेश गर्नुपर्नेछ ।
- बोलपत्र फारमहरु नियमानुसार यस गाउपलिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७६/०७७ को कर चुक्ता वा म्याद थप, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्रको Scan गरि PDF format मा Upload सुचना प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० वजे भित्र e-submission गर्नुपर्नेछ र e-submitted वोलपत्रहरु सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
- बोलपत्रदाताले E-bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Format वा Corrupted भएमा मुल्याङ्कनमा समाबेश गरीने  छनै साथै  बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले बालपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको Nepal Bangladesh Bank Ltd. बैंक बुलिङटार शाखामा **रहेको** धरौटि खाता नं ०७९००००८४१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बंकै जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको  रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएको  लाई मान्यता दिईनेछ ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।
- स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युन्तम ५०% र बाँकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकवाट २०७८ श्रावण मसान्त सम्म मान्य हुने बंकै ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै  बाँकी रकमको किस्ता २०७८ साल ज्येष्ठ मसान्त भित्र भूक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको  रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा गाउपालिकाको तर्फवाट ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ ।
- कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- बोलपत्र पेश गर्दा राखेको कबोल अंकको ५% धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फिर्ता दिईने छ ।
- बोलपत्रखाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ । रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ । सो  भन्दा फरक हुनेगरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ  ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र वोलपत्र फारममा उल्लेख भए वाहके अन्य कुराहरु प्रचलित ऐन,  नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हर्ने हुन वा कार्यालय समय भित्र यस कार्यालयको  राजश्व शाखामा सम्पर्क राख्न हुन सम्वन्धित सवैलाई जानाकारी गराइन्छ ।

**प्रमुख प्रशासकिय अधिकृत**